वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ६ मिति : २०७५ असार २९ गते

## भाग-२

## वीरेन्द्रनगर नगरपालिका

### सार्वजनिक निर्माण कार्यको लागि घ वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार गरिएको निर्देशिका, २०७४

### प्रथम संशोधन २०७५/०१/१०

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (छ) १० को सार्वजनिक निर्माण कार्यको लागि घ वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्ने कार्यलाई कार्यान्वयन गर्नका लागि वीरेन्द्रनगर नगर कार्यपालिकाको मिति २०७५/०१/१० गतेको बैठकको निर्णयानुसार यो निर्देशिका स्वीकृत गरि लागु गरिएको छ ।

**१. ईजाजत पत्रको लागि दरखास्त दिनुपर्ने :**

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने व्यवसायीहरुले अनुसूची (१) बमोजिमको ढाँचामा (घ) वर्गको ईजाजत पत्र प्राप्तीका लागि समिति समक्ष दरखास्त पेश गर्नुपर्नेछ ।

**२. दरखास्त उपर जाँचबुझ :**

१) नियम (१) बमोजिम दरखास्त पर्न आएपछि त्यस्तो दरखास्तवाला व्यवसायीहरुको क्षमता तथा प्राविधिक योग्यता जाँच गर्नुपर्नेछ ।

२) उपनियम (१) बमोजिम योग्यता जाँच गर्दा अनुसूची (२) बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ ।

**३. ईजाजत पत्र दिन सिफारीस गर्ने :**

१) नियम (२) बमोजिम जाँचबुझ गर्दा निर्माण व्यवसायीको माग मनासिव देखेमा दरखास्त परेको मितिले ३० दिन भित्र नगर कार्यपालिका कार्यालय

समक्ष सिफारिस गर्नेछ ।

**४. ईजाजत पत्र दिनुपर्ने :**

१) नियम (३) बमोजिम समितिबाट सिफारीस भई आएमा सिफारीस भएको मितिले १५ दिनभित्र दरखास्तवाला हरुसंग (घ) वर्गको ईजाजतका लागि रु. १००००।- दस्तुर लिई अनूसूची (३) बमोजिमको ढांचामा (घ) वर्गको ईजाजत पत्र दिनु पर्नेछ ।

२) उपनियम (१) बमोजिम दिईएको ईजाजत पत्रको अभिलेख अनुसूची (४) बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

**५. ईजाजतको अवधि थप, नविकरण, संशोधन र नामसारी सम्बन्धमा :**

१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ७ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम नगरपालिकालाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित नगरपालिकावाट दफा ५ को उपदफा ५ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा दफा ५ को उपदफा ५ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

४) ईजाजत पत्रको नविकरणको लागि दिईने दरखास्त अनुसूची (५) बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

५) ईजाजतपत्रको अवधि प्रत्येक आ.व. को आषाढ मसान्तसम्म मात्र हुनेछ । नविकरणका लागि आ.व. समाप्त भएको मितिले ३ महिनासम्म यस निर्देशिकाको अधिनमा रहि रु. १०००।- दस्तुर लिई नविकरण गर्न सकिने छ र तिन महिनापछी आएका ईजाजतपत्र नविकरण गर्नुपरेमा थप रु. १०००।- लिई नविकरण गर्न सकिने छ ।

६) नामसारी र फर्म संशोधन तथा प्रा.लि. मा स्तर उन्नती गर्नुपरेमा रु. ५०००।- दस्तुर लिई संशोधन तथा स्तर उन्नती गर्न सकिनेछ ।

७) फर्मको ठाउँसारी गर्नुपरेमा रु. ३०००।- दस्तुर लिई ठाउँसारी गर्न सकिनेछ ।

८) नवीकरण, नामसारी र फर्म संशोधनका लागि चालु आ.व. सम्मको यस नगरपालिकाको व्यवसायकर चुक्ता गरेको हुनु पर्नेछ ।

**६. कार्यान्वयन समिति :**

१) सार्वजनिक निर्माण कार्यको लागि (घ) वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजीका लागि देहाय बमोजिमको एक कार्यान्वनय समिति रहने छ ।

| | |
|---|---|
| नगर कार्यपालिका प्रमुख | अध्यक्ष |
| सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको एक जना कर्मचारी | सदस्य |
| मेकानिकल ईन्जिनियर | सदस्य |
| निर्माण व्यवसायी संघका अध्यक्ष | सदस्य |
| नगरपालिकाका ईन्जिनियर | सदस्य |
| नगरपालिकाको सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

२) उपनियम (१) बमोजिमको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३) समितिका पदाधिकारीहरुले तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

**७. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(घ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि वीरेन्द्रनगर नगरपालिका भित्र कार्य गर्ने निर्माण व्यवसायीको हकमा सम्बन्धित वडा कार्यालयबाट कार्वाहीका लागि सिफारिस भई आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा (५) बमोजिमको म्यादभित्र नवीकरण नभएको

इजाजतपत्र स्वत : खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**८. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा दफा ५ को उपदफा (५) बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**९. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१०. बचाउ :**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची–१
## (नियम १ सँग सम्बन्धित)
# ईजाजतपत्रको लागि दिईने दरखास्त

**विषय : ईजाजतपत्र पाउँ भन्ने बारे ।**

श्री कार्यान्वयन समिति
वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत ।

वीरेन्द्रनगर नगरपालिकाको सार्वजनिक निर्माण कार्यको लागि घ वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार गरिएको निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :
नाम :
ठेगाना :
पोष्ट बक्स :
टेलिफोन न : फ्याक्स नं ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति :
☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी ☐ साझेदारी

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको:
नामथर :
ठेगाना : पोष्ट बक्स नं
टेलिफोन : फ्याक्स :
ईमेल :

४. फर्म वा कम्पनीको विवरण :
दर्ता नं. दर्ता मिति :
अधिकृत पुँजी : जारी पुँजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. ईजाजत लिन चाहेको वर्ग: घ

६. समुहीकरण हुन चाहेको समुहः

## ७. आर्थिक श्रोतको विवरण :

| | रकम | वित्तिय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

## ८. कामदारको विवरण :

क) प्राविधिक :

ख) अप्राविधिक :

ग) अन्य :

## ९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

*द्रष्टव्यः यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाण पत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।*

## १०. यस अघि सम्पन्न गरेको कामको विवरणः

| सि. नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत सम्भार | | | |
| २. | सडक निर्माण तथा मर्मत सम्भार | | | |
| ३. | बीमानस्थल निर्माण तथा मर्मत सम्भार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी ट्याङ्की तथा ढल निर्माण, पाईप विछ्याउने तथा मर्मत सम्भार | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | सुरुङ, भुमिगत मार्ग तथा जलाशय टनेल निर्माण तथा मर्मत सम्भार | | | |
| ६. | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत सम्भार | | | |
| ७. | हाइड्रोलिक स्ट्रक्चर | | | |
| ८. | पुल निर्माण तथा मर्मत सम्भार | | | |
| ९. | अन्य | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात :**

क)

ख)

ग)

यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ। झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको :

दस्तखत :

मिति :

*द्रष्टव्य: यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।*

# अनुसूची–२

## (नियम २ को उपनियम (२) सँग सम्बन्धित)

## (घ) वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :**

१. प्राईभेट वा पब्लिक लि. कम्पनी वा साझेदार फर्मको रुपमा घटीमा रु. पाँच लाख रुपैयाँसम्मको चालु पुंजी देखाई उद्योग विभागमा दर्ता भएको हुनुपर्नेछ।

२. निर्माण व्यवसायीले व्यवसाय दर्ता नगरपालिकाको सम्बन्धित वडामा दर्ता गरेको हुनुपर्नेछ।

**२. मुख्य जनशक्ति विवरण :**

सिभिल ईन्जिनियरिङ विषयमा प्रमाण पत्र तह उत्तिर्ण एकजना प्राविधिक, कुनैपनि विषयमा प्रमाणपत्र उत्तिर्ण एकजना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तिर्ण एकजना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ

**३. मेशिन र उपकरण**

| | |
|---|---|
| क) ट्रिप्पर/ट्याक्टर | १/१ थान |
| ख) मिक्चर मेसिन | १ थान |
| ग) लेवल मापन मेशिन | १ थान |
| घ) वाटर पम्प | १ थान |
| ङ) भाईव्रेटर | १ थान |

*द्रष्टव्य :*

१) उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्रको साथै विमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ।

२) माथि उल्लेखित यान्त्रीक उपकरणहरु ठिक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियर विषयमा कम्तिमा स्नातक तहको शैक्षिक यो ग्यता भएको ईन्जिनियर्स एशोसियसनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ।

३) माथि उल्लेखित यान्त्रीक उपकरणहरु दर्ता भएको मितिले घटीमा २ बर्षसम्म बेचबिखन गर्न पाईने छैन।

४) १५ बर्ष भन्दा पुराना यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

५) नगरपालिकाले समयमै काम सम्पन्न नगर्ने निर्माण व्यवसायीको ईजाजतपत्र नविकरण १ बर्ष सम्मका लागि रोक्का गर्न सक्नेछ।

**अनुसूची–३**

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

**इजाजतपत्र**

फोटो

ईजाजतपत्र नं. मिति:

**नेपाल सरकार**

**वीरेन्द्रनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कर्णाली प्रदेश, नेपाल ।**

वीरेन्द्रनगर नगरपालिकाको सार्वजनिक निर्माण कार्यको लागि घ वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार गरिएको निर्देशिका, २०७४ को नियम ४ को उपनियम (१) बमोजिम निर्माण व्यवसाय गर्न वी.न.न.पा. .......... स्थित कार्यालय भएको ................................................................. फर्म वा कम्पनिलाई "घ" वर्गको इजाजतपत्र प्रदान गरिएको छ ।

प्रो.

**घ वर्ग**

ईजाजतपत्र दिनेको:

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :- वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत ।

## अनुसूची–४
## (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

१. ईजाजतपत्र नं.

२. प्रमाणपत्र जारी गरिएको सुरु मिति :

३. फर्म वा कम्पनीको नाम :

ठेगाना :

सम्पर्क नं.

४. निर्माण व्यवसायी/प्रबन्धकको नाम :

ठेगाना :

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर, भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-५
## (नियम ५ को उपनियम (४) सँग सम्बन्धित)
# ईजाजतपत्र नविकरणको लागि दिईने दरखास्त

श्री अध्यक्ष

कार्यान्वयन समिति,

वीरेन्द्रनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत ।

विषय : ईजाजतपत्र नवीकरण गरी पाउँ भन्ने बारे ।

निर्माण व्यवसाय सञ्चालन गर्ने ईजाजतपत्र नवीकरण गर्नका लागि देहाय बमोजिमको विवरणहरु खुलाई सार्वजनिक निर्माण कार्यको लागि (घ) वर्गको ईजाजत पत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार गरिएको निर्देशिका, २०७४ को नियम (५) को उपनियम (४) बमोजिम यो दरखास्त पेश गरेको छु ।

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :**

क) नाम :

ख) ठेगाना :

ग) पोष्ट बक्स :

घ) टेलिफोन :

ङ) फ्याक्स :

च) ईमेल :

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :**

क) नामः

ख) ठेगानाः

**३. निर्माण व्यवसायीको :**

क) प्रमाण पत्र नं.

ख) दर्ता मितिः

४. (क) ईजाजतपत्र नं.

(ख) ईजाजतपत्र जारी भएको मिति :

(ग) इजाजतपत्र जारी गर्ने कार्यालय :

५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं.

(ख) नवीकरण मितिः

६. ईजाजतपत्र नवीकरण दस्तुर/थप दस्तुर वापत रु. ......................... अक्षरुपी ............................................................ जम्मा गरेको ....................................................... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

निवेदक निर्माण व्यवसायीको तर्फबाट दरखास्त दिनेको :

नाम :

पद :

दस्तखत :

मिति :

आज्ञाले,

**कृष्ण बहादुर खड्का**

प्रमुख प्रशासकीय अधिकृत